अनुसूची २

(दफा ४ तथा अनुसूची १ को भाग १ सँग सम्बन्धित)

रुन्टीगढी गाउँपालिका

# स्थानिय राजपत्र

खण्ड १ | संख्या १२ | मितिः २०७८/०३/०३/२८

भाग १

रुन्टिगढी गाउँपालिका

ऐन तथा सभाले बनाएको सम्पुर्ण नियमको ब्यहोरा

आज्ञाले,

बासुदेव भट्टराई

प्रमुख प्रशासकीय अधिकृत

CS Scanned with CamScanner

# समपुरक कोष (संचालन तथा व्यवस्थापन) कार्यविधि-२०७८

**प्रस्तावना :**

विकासको दृष्टिले अविकासित तथा आर्थिक रुपमा गरिब मानिएको हाम्रो देश नेपालमा विकासको गति अत्यन्तै सुस्त देखिन्छ। नेपाल जलस्रोतको दोस्रो धनी देश तथा प्राकृतिक सम्पदाले भरिपुर्ण भएको पहिचान अझै पनि विश्वसामु याथवत् नै छ। तथापि ती राम्रा पाटालाई उचित व्यवस्थापन गर्न नसक्दा नेपालले धेरै क्षति व्यहोर्नुपरेको यथार्थ अझै हामीमाझ ताजा छ।

विगत केही वर्षदेखि नेपालले पनी निजी सरकारी साझेदारी, (Private Public Partnership) , विदेशी सहायतामा परियोजना निर्माण जस्ता अवधारणाहरुको अवलम्वन गर्न थालेको छ। तेसै अनुरुप कपिलवस्तु जिल्लामा धेरै भौतिक पुर्वाधार तथा अन्य जनचेतनामुलक कार्यक्रमहरु विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुसँगको सहकार्यमा सम्पन्न गरिएका तथा गरिदै आएका छन् । कपिलवस्तु जिल्लाको धार्मिक, सामाजिक, आर्थिक, भौगोलिक रुपले सम्पन्न ठानिएको यस रुन्टीगढी गाउँपालिकामा पनि यस्ता थुप्रै संभावित आयोजनाहरु रहेका छन्, जसमा लगानी तथा प्रतिफल दुवै धेरै हुन्छ। ती आयोजनाहरुको लागत धेरै भएकै कारण गाउँपालिकास्तरीय योजनाहरुमा ओझेल परी तेत्तिकै खेर गइरहेका अवस्था छ। पाक्कै पनि ती आयोजनाहरुका लागि विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्था तथा माथिल्लो अन्य सरकारी निकायहरुसँग साझेदारी गर्न सके रुन्टीगढी बासीले ठुला आयोजनाहरुवाट हुने उच्च लाभ लिन सक्ने कुरामा दुई मत नहोला।

यस्ता आर्थिक सामाजिक, भौगोलिक रुपले संभावना बोकेका तर खेर गइरहेका प्राकृतिक सम्पदा तथा आयोजनाहरुको अन्य साझेदार सरकारी तथा गैरसरकारी निकायहरुसँग सहकार्य गर्दै कार्यान्वयनमा ल्याई उच्च तथा दिगो प्रतिफल लिने हेतुले रुन्टीगढी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम यो कार्यविधि बनाइ समपुरक कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७८ तयार गरि यस रुन्टीगढी गाउँपालिकाले लागु गरेको छ।



Scanned with CamScanner

## परिच्छेद -१

## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१.१ यस कार्यविधिको नाम (**समपुरक कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७८**) रहेको छ ।

१.२ यो कार्यविधि गाउँकार्यपालिका बाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :**

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

क) कार्यविधि भन्नाले समपुरक कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७८ भन्ने बुझ्नुपर्छ ।

ख) कोष भन्नाले समपुरक कोष संचालन तथा व्यवस्थापन कोष भन्ने बुझ्नुपर्छ ।

ग) व्यवस्थापन समिति भन्नाले समपुरक कोष संचालन तथा व्यवस्थापन समिति बुझ्नुपर्छ ।

घ) कार्यपालिका भन्नाले रुन्टीगढी गाउँपालिका गाउँ कार्यपालिका बुझ्नुपर्छ ।

ङ) समपुरक भन्नाले भौतिक पुर्वाधारहरुको समपुरक भन्ने बुझ्नुपर्छ ।

**३. कोष स्थापना :**

३.१ समपुरक कोष संचालन तथा व्यवस्थापन कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

**४. कोषको कार्यालय :**

४.१ कोषको सचिवालय गाउँकार्यपालिको कार्यालयमा रहने छ ।



CS Scanned with CamScanner

## परिच्छेद- २

## कोषको अवधारणा लक्ष्य उदेश्य र नीति

५. **कोषको अवधारणा :**

रुन्टीगढी गाउँपालिकामा अवस्थित सडक, खेलमैदान, खानेपानी, सिँचाई, पर्यटन, शिक्षा, ढलनिकास, विद्युत आदि गाउँपालिकाको सिमित वजेटका कारण कार्यान्वयनमा ल्याउन नसकिएका भौतिक पुर्वाधारहरुको अन्य सरकारी तथा गैरसरकारी निकायहरुसँग सहकार्य गर्दै कार्यान्वयन तथा सञ्चालन गर्नु यस कोषको अवधारणा हुनेछ।

६. **लक्ष्य :**

रुन्टीगढी गाउँपालिकाभित्र रहेका सम्भावना वोकेका आयोजनाहरुको अन्य सरकारी निकाय तथा संघसंस्थाहरुसँग साझेदारी गरी कार्यान्वयनमा ल्याई उच्च तथा दिगो प्रतिफल लिइरहने वातावरण मिलाउनु यस कोषको लक्ष्य रहेको छ।

७. **उदेश्य :**

**कोषका उदेश्यहरु देहायबमोजिम हुनेछन्:**

७.१ गाउँसभाको योजनाहरुमा पर्न संभाव नभएका तर धेरै लाभ लिन सकिने आयोजनाहरु कार्यान्वयनमा ल्याउन,

७.२ ठुला लागतका आयोजनाहरुमा गाउँपालिकाको केही अंश लगानी सुनिश्चित गरी अन्य निकायसँग आवश्यक आर्थिक तथा प्राविधिक सहयोग हासिल गर्न।

७.३ दातृ निकायहरुवाट आएको रकमलाई उचित व्यवस्थापन गरी गाउँपालिकाको स्वामित्व स्थापित गराउन,

७.४ कम लगानी गरी अधिक लाभ लिने अवस्था सिर्जना गर्न,

७.५ गुरुयोजनाहरुको निर्माण तथा सोको कार्यान्वयनका लागि आवश्यक पहल गर्न

७.६ अन्तराष्ट्रिय लगानीलाई प्रोत्साहित गर्ने वातावरण तयार गर्न

८. **नीतिः**

८.१ धेरै लगानी भएतापनि अधिक लाभ पुग्ने पुर्वाधारहरुको पहिचान गर्ने।

८.२ ठुला लगानी भएकै कारणवाट सञ्चालनमा ल्याउन नसकिएका आयोजनाहरुका लागि आवश्यक आर्थिक तथा प्राविधिक सहयोगका लागि पहल गर्ने।

८.३ योजनामा स्थानीय तहको सहभागिता सुनिश्चित छ भन्ने भान दिलाउन सञ्चार माध्यमहरुको प्रयोग गर्ने।

८.४ लगानीका लागि इच्छुक राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको खोज गरी गाउँपालिकाभित्रका आयोजनाहरुमा लगानी गर्न प्ररित गर्ने।

८.५ वैदेशिक लगानीलाई स्वागतयोग्य वनाउने कार्य गर्ने।



Scanned with CamScanner

## परिच्छेद-३

## कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था

**९. कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था**

९.१ कोषको लक्ष्य तथा उद्धेश्यहरु प्राप्तिका लागि देहायबमोजिमको व्यवस्थापन समिति गठन हुनेछ :

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| ख) उपाध्यक्ष | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत वा नीजले तोकेको प्रतिनीधि | सदस्य |
| घ) पुर्वाधार विकास समितिका संयोजक | सदस्य |
| ङ) सामाजिक विकास समितिका संयोजक | सदस्य |
| च) आर्थिक विकास समितिका संयोजक | सदस्य |
| योजना अनुगमन तथा प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

९.२ व्यवस्थापन समितिको वैठक सामान्यतया वर्षमा ३ पटक बस्ने छ।

९.३ वैठकको आव्हान समितिको अध्यक्षले गर्नेछ भने सदस्य सचिवले वैठक बोलाउनेछ।

९.४ आवश्यकता अनुसार व्यवस्थापन समितिको वैठक अध्यक्षज्युको निर्देशनमा जुनसुकै समयमा पनि वोलाउन सकिनेछ।

९.५ व्यवस्थापन समितिको सम्पूण सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा वैठकको गणपुरक संख्या पुरा भएको मानिनेछ।

९.६ वैठकको निर्णय अध्यक्षद्धारा प्रमाणित गर्नुपर्नेछ।

**१०. समितिको काम, कर्तव्य र अधिकार :**

१०.१ समपुरक कोष संचालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्।

क) समपुरकका लागि आर्थिक श्रोत जुटाउने ,

ख) कोषको वार्षिक योजना तर्जुमा गरि गाउँसभामा पेश गर्ने ,

ग) समपुरकको महत्व तथा स्थानीय स्तरबाट हुन सक्ने सहयोगसम्वन्धी चेतनामुलक कार्यकम संचालन गर्ने ,

घ) मर्मतका लागि अत्यावश्यक स्थल तथा पुर्वाधारहरुको पहिचान गरी तत्काल मर्मतका लागि व्यवस्था गर्ने गराउने ,

ङ) वार्षिक योजना तथा कार्यक्रम संचालन गर्दा वातावरण मैत्रि बनाउन समन्वयकारी भुमिका निर्वाह गर्ने,



CS Scanned with CamScanner

च) संभार गर्न आवश्यक स्थल तथा प्राकृतिक सम्पदाहरुको पहिचान गरी आवश्यक व्यवस्थापनका लागि पहल गर्ने,

ज) कोषका कार्यहरुको अनुगमन , सुपरिवेक्षण तथा प्रगति समिक्षा गर्ने,

झ) स्थानीय तहका समपुरक व्यवस्थापन सम्वन्धी योजनाहरुको तर्जुमा र कार्यान्वयन गराउदै समपुरक व्यवस्थापन लाई संस्थागत गर्ने ।

**११. अध्यक्षको काम, कर्तव्य र अधिकार :**

**अध्यक्षका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ,**

क) वैठकको अध्यक्षता गर्ने

ख) वैठक वोलाउन सचिवलाई निर्देशन दिने,

ग) वैठकमा प्रतिवेदन पेश गर्ने, प्रस्ताव पेश गर्ने गराउने

घ) समितिका सदस्यहरुलाइ कामको वाडफाड गर्ने तथा कामको आवश्यक समन्वय गर्ने,

ङ) कोषको वित्तिय श्रोत जुटाउने र परिचालन गर्ने गराउने,

च) कोषका निर्णयहरु सार्वजनिक गरि पारदर्शिता कायम गराउने

छ) कोषको वैठक सहभागितात्मक रुपमा गराउने

ज) कोषका तर्फवाट अन्य निकायमा प्रतिनिधित्व गर्ने गराउने

झ) कोषका तर्फवाट अन्य निकाय, संघ/संस्था संग सम्झौता गर्नूपर्ने भए गर्ने गराउने

ञ) कोषको योजना तर्जुमा तथा सो को स्वीकृती गर्न गराउन आवश्यक कार्वाही गर्ने गराउने

ट) कोषका कामको अनुगमन मुल्याङकन गर्ने गराउने

**१२. सदस्य सचिवको काम, कर्तव्य र अधिकार :**

कोषको सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

क) अध्यक्षको आदेशानुसार वैठक बोलाउने, अध्यक्ष सँग सल्लाहामा छलफलका विषय वस्तुहरु तयार गरि निर्णयार्थ वैठकमा पेश गर्ने,

ख) वैठकको निर्णय लेख्ने, कोषका सवै कागजातहरु जिम्मा लिने,

ग) कोषसँग सम्वन्धित सूचनाहरु, तथ्याङ तथा अभिलेख अध्यावधिक गर्ने,

घ) अध्यक्षले तोकेका अन्य कार्यहरु गर्ने ।

ङ) कोषका प्रशासनिक तथा अन्य दैनिक कार्यहरु गर्ने,

च) कोषका कार्यकम तर्जुमा स्वीकृती र कार्यान्वयन गर्न आवश्यक कार्वाही गर्ने,

छ) कार्यकहरुको अनुगमन गर्ने गराउने,

ज) कोषको चलअचल सम्पत्तिको संरक्षण गर्ने गराउने ।



Scanned with CamScanner

१३. सदस्यको काम कर्तव्य र अधिकार :

कोषको सदस्यको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:

क) बैठकमा उपस्थित भइ छलफलमा सकियतापूर्वक भाग लिने,

ख) अध्यक्षको काममा सहयोग पु-याउने,

ग) तोकिएको जिम्मेवारीलाई पुरा गर्ने,

घ) वैठकमा निर्णयमा पुग्न मतदान गर्न पर्ने भए मतदान गर्ने,

ङ) अध्यक्षले तोकेका अन्य दायित्व निर्वाह गर्ने,

च) कोषका कार्यकमहरु कार्यान्वयन गर्न सहयोग पु-याउने ।



CS Scanned with CamScanner

## परिच्छेद- ४

## आर्थिक तथा प्रशासनिक व्यवस्था

**१४. कोषको वित्तिय व्यवस्थापन**

१४.१ कोषमा देहायका रकमहरु रहने छन्:

क) गाउँसभा बाट समपुरक कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

ख) अन्य स्थानीय तह बाट प्राप्त हुने रकम ,

ग) दातृ निकाय परियोजना गैर सरसरकारी संस्था बाट प्राप्त हुने रकम

घ) कोष लाई सेवा शुल्क बाट प्राप्त हुने रकम

ङ) कोषलाई अन्य विभिन्न स्रोत हरु बाट प्राप्त हुने रकम ।

च) संघिय सरकार, प्रदेश सरकार बाट प्राप्त अनुदान सहयोग हुने रकम ।

१४.२ कोषको रकम नेपाल राष्ट्र बैकद्वारा क वर्गको इजाजत प्राप्त कुनैपनि वैङ्मा छुट्टै खाता खोलि जम्मा गरिने छ । कोषको संचालन गाउपालिकाको प्रमुख प्रशासकिय अधिकृत र लेखापालको संयुक्त दस्तखत बाट हुनेछ ।

१४.३ कोषको लेखापरीक्षण प्रचलित कानुन वमोजिम हुनेछ ।

**१५. कोषको आर्थिक व्यवस्था :**

कोषको आर्थिक व्यवस्था यस कार्यविधिमा तोकिएबमोविम र अन्य कुराको हकमा स्थानीय तहको आर्थिक प्रशासन सम्वन्धि प्रचलित कानुन वमोजिम हुनेछ ।

**१६. बर्जित गरिएको वारे :**

कोषमा जुन प्रयोजनका लागि रकम प्राप्त भएको हो सो प्रयोजन वाहेक अन्य कार्यमा रकम खर्च गर्न वर्जित गरिएको छ ।

परिच्छेद-३, दफा १६ मा जुनसुकै कुरा लेखिएतापनि कोषमा विनियोजित रकम कार्यपालिकाको निर्णयअनुसार अन्य शीर्षकमा रकमान्तर गर्न सकिनेछ ।

**१७. प्रशासनिक व्यवस्था :**

कोषको प्रशासनिक तथा आर्थिक कारोवार गाउँकार्यपालिकाको कर्मचारीहरुबाट नै संचालन गरिनेछ ।

**१८. बैठक भत्ता :**



CS Scanned with CamScanner

कोषको व्यवस्थापन समितिको बैठकमा भागलिने पदाधिकारी सदस्यहरु तथा अन्य आमन्त्रितहरुलाई गाउकार्यपालिकाको निर्णअनुसार भत्ता उपलब्ध गराइनेछ ।

१९. **कार्यक्रम संचालन सम्बन्धी खर्च व्यवस्था :**

१९.१ कोष बाट संचालन हुने कार्यक्रमहरु कोषले आफै वा अन्य सरकारी गैरसरकारी निकायसँग मिलेर संचालन गर्न सक्नेछ ।

१९.२ कोषले आफ्नो कार्यकम गैर सरकारी संघ संस्थाहरुको प्राविधिक सहयोग वाट संचालन ग राउन सक्नेछ ।

१९.३ गाउँपालिका भित्र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विपद व्यवस्थापन सम्वन्धी कार्यक्रमहरु अन्य कुनै निकायद्धारा संचालन गरिन्छ भने उक्त कार्यक्रम संचालनको स्वामित्व गाउँ कार्यपालिकामा रहेको मानिनेछ ।

२०. **समपुरक कोषसम्बन्धी कार्यहरुको संचालन सम्बन्धि व्यवस्थाः :**

गाउँपालिकाका कुनै पनि वडामा समपुरक कोषसम्वन्धी कार्यहरुका लागि आवश्यक आइपरेको अवस्थामा देहायवमोजिमको व्यवस्थापन गरिनेछ :

क) धेरै लगानी भएतापनि अधिक लाभ पुग्ने पुर्वाधारहरुको पहिचान गर्ने

ख) साझेदारीको अवधारणामा कार्य गर्न इच्छुक संघ, संस्था तथा निकायहरुको खोजी गरी गाउँपालिकाभित्रका आयोजनाहरुमा लगानीका लागि प्रेरित गर्ने,

ग). साझेदारीमा कार्य गर्ने संघसंस्थाहरुवाट सम्झौता भएबमोजिमको आर्थिक व्यवस्थापनका लागि आवश्यक व्यवस्था गर्ने,

घ) वडा स्तरिय समपुरक कोष रकम लागानीयोग्य स्थल पहिचान समितिः तथा समपुरक कोष व्यवस्थापन समितिले साझेदारीका लागि आवश्यक पर्ने रकम तथा आयोजना गाउँकार्यपालिकामा सिफारिस गर्ने र गाउँकार्यपालिकाले रकम तथा आयोजनाको छनोट गरी भुक्तानी दिने व्यवस्था गर्ने ,

ङ) यस खण्डमा जेसुकै लेखिएको भएतापनि यस सम्वन्धमा गाउँकार्यपालिकाको निर्णय अन्तिम मानिनेछ ।

२१. **वडा स्तरिय समपुरक कोष रकम लागानी योग्य स्थल पहिचान समितिः**

वडा स्तरिय समपुरक कोष रकम लागानीयोग्य स्थल पहिचान समिति देहायवमोजिम हुनेछ,

| | | |
|---|---|---|
| क) | वडा अध्यक्ष | संयोजक |
| ख) | वडा सदस्यहरु | सदस्य |
| ग) | वडा सचिव | सदस्य सचिव |



Scanned with CamScanner

## परिच्छेद- ५

## विविध

२. विविध

**कोषबाट कार्यक्रम संचालन गर्नुपर्ने :**

गाउँ कार्यपालिकाको कार्यालय, गाउकार्यपालिका र यस अर्न्तगतका समिति वा उपसमिति बाट विपद सम्वन्धि कार्यकम संचालन गर्दा यस कोषबाट मात्र संचालन गरिनेछन् ।

२३. **जाँच पास तथा फरफारक :**

कोषबाट संचालन गरिने कार्यक्रमको जाँचपास तथा फरफारक प्रचलित कानुन बमोजिम हुनेछ ।

२४. **गाउँपालिका विकास योजनामा समावेश गर्ने :**

कोषबाट स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरु गाउँपालिकाको विकास योजनामा समावेश गर्नुपर्नेछ ।

२५. **कार्यविधिको संशोधन :**

यस कार्यविधिलाई संशोधन गर्न आवश्यक देखिएमा व्यवस्थापन समितिको सिफारिसमा गाउँकार्यपालिकाले गर्नेछ ।

२६. **बचाउ र खारेजी :**

क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक ऐन, तथा अन्य प्रशासन सम्वन्धि प्रचलित कानुन सँग बाजिन गएमा बाझिएको हकमा स्वत: खारेज भएको मानिनेछ ।

ख) कुनै कारण बाट कोष संचालन हुन नसकेमा गाउँकार्यपालिकाले कोषलाइ खारेज गर्न सक्नेछ ।

ग) कोष खारेज भएमा कोषमा रहेको चलअचल सम्पत्ति तथा दायित्व गाउँकार्यपालिकाको कार्यालयमा स्वत: सर्नेछ ।

**समाप्त**



CS Scanned with CamScanner